**चोटपटक लागेका कामदारहरु तथा अन्य कामदारहरुमा हुने विभिन्न रोगहरुको क्षतिपूर्तिका लागि रोजगारदाता तथा कामदारहरुका निमित्त महत्वपूर्ण सूचनाहरु:**

**कामदारहरुको क्षतिपूर्ति सम्बन्धी नियम:**

कामदारहरुको क्षतिपूर्ति सम्बन्धी नियम, हङ्कङ्ग कानुनको दफा २८२ अनुसार फुल-टाइम र पार्टटाइमका कामदारहरुको कामको सिलसिलामा हुने चोटपटक तथा दुर्घटना बाट हुने मृतकका आफन्तहरुले दर्खास्त गर्न पाउनेछन् ।

**काममा घाईते**

- यदि कुनै कामदारलाई कुनै चोटपटक लागेको छ अथवा कामको सिलसिलामा कुनै दुर्घटना बाट उसको मृत्यू भएको छ भने कामदारहरुको क्षतिपूर्ति नियम अनुसार रोजगारदाताले बेहोर्नु पर्दछ ।
- कुनै कामदारलाई चोटपटक लाग्ने बित्तिकै रोजगारदातालाई खवर गनुपर्छ ।
- कुनै रोजगारदाताले कामदारहरु दुर्घटनामा परेको खबर १४ दिन भित्र सम्म श्रम विभागमा दिनुपर्दछ (७ दिन अनुसन्धान वा सोधखोज गरिन्छ)
- कुनै कामदार जो काममा घाइते भएको छ वा चोटपटक लागेको छ भने अथवा कुनै रोग लागेको छ भने कामदार क्षतिपूर्ति संस्थामा भन्नुपर्दछ जसले क्षतिपूर्ति प्रदान गर्न र बचाउन सहयोग गर्दछ ।

**क्षतिपूर्ति भुक्तानी**

१. घाइते कामदारको विरामी विदाको खर्च: घाइते भएको अवधिदेखि विरामी विदाको समयमा पनि कामदारलाई रोजगारदाताले साधारणतय कामदारको महिनाको तलवको ४, ५ किस्ता तिर्नुपर्दछ । भुक्तानी साधारणतया भुक्तानी समयमानै गर्नुपर्दछ ।

२. **एकमुष्ठ क्षतिपूर्ति:** यदि कुनै कामदार जीन्दगी भरि नै असक्षम हुने गरि घाइते भएको छ भने त्यस्तो अबस्थामा उसले एकमुष्ठ क्षतिपूर्ति पाउँदछ जसमा उसलाई कामदारको उमेर, उसको महिना भरिको तलब, र उसले कमाउने आम्दानीलाई समेत हिसाब गरेर दिइन्छ (कामदार क्षतिपूर्ति भुक्तानी ऐन कर केन्द्र) । रोजगारदाताले श्रम विभागले स्विकृत गरे बमोजिम २१ दिन भित्र एकमुष्ठ रकम घाइते कामदारलाई भुक्तानी गर्नुपर्दछ ।

३. **औषधी खर्च::** पर्याप्त मात्रामा घाइते कामदारलाई निश:ुल्क रुपमा औषधी उपचार नहुंदासम्म तथा घाइतेलाई निको नहुंदा सम्म रोजगारदाताले औषधी उपचारको लागि सबै खर्च जुटाउनुपर्दछ साथै घाइते कामदारको दैनिक खर्च निम्न प्रकार छ ।

अस्पतालमा भर्ना गरिएको विरामीको औषधी उपचार अथवा भर्ना नगरिएका विरामीको उपचार खर्च २०० हङ्कङ्ग डलर

दुवै भर्ना गरिएको र भर्ना नगरिएको विरामीको त्यही दिनको खर्च २८० हङ्कङ्ग डलर

**बीमा अनिवार्य:**

रोजगारदाताले कामदारहरुको क्षतिपूर्तिका लागि बिमा गराउन अनिवार्य छ, तिनीहरुको कामदारहरुको उपचारका लागि साधारणतया घाइते कामदारको क्षतिपूर्ति संस्थाको नियम कानुन अनुसार सबै घाइतेहरुको हेरचाह गर्नु रोजगारदाताको उत्तरदायित्व हुन्छ ।

**यदि रोजगारदाताले कामदारको घट्नाको बारेमा नभनेमा, कुनै बीमा नगरेमा, क्षतिपूर्ति नतिरेमा घाइते कामदारले तुरुन्त श्रम विभागमा सूचना गनुपर्दछ ।**

क्षतिपूर्तिका लागि अदालतलद्वारा निर्धारित

- कामदार क्षतिपूर्तिमा श्रमको लागि दलालको कुनै दावि गर्न, वादविवाद गर्न र निर्णय गर्ने अधिकार हुदैन । यदि रोजगारदाता र कामदारको कुरा मिलेन भने र श्रम विभागले पनि कुनै सहयोग गर्न सकेन भने त्यस मुद्दालाई मिलाउने काम उच्च अदालतद्वारा

हुन्छ ।

- घाइते कामदारले आफ्नो क्षतिपूर्तिका लागि दुर्घटना भएको २४ महिना भित्र एउटा निवेदन सहित दावि गर्न पाउनेछन् । यसरी कामदारले आफ्नो दुर्घटना भएको दिन देखि म्याद १८ महिना भन्दा बढि छैन भने सहयोगको लागि जतिसक्दो छिटो सम्बन्धीत श्रम विभागमा सम्पर्क राख्नुपर्दछ ।

**व्यावसाय बचावट:**
एउटा कामदारले आफू घाइते भइसकेपछि श्रम विभागबाट उचित कागजातहरु नबनेसम्म आफ्नो कामलाई राजीनामा दिनुहुदैन अथवा आफ्नो क्षतिपूर्तिको कुनै टुङ्गो नलागेसम्म कामलाई छोड्न हुदैन ।

**सोधपुक्ष:**

- साधारण सोधपुक्ष: २७१७ १७७१
- होमपेज ठेगाना: http://www.labour.gov.hk
- कामदार क्षतिपूर्ति सोधपुक्षका लागि निम्न कार्यालयहरुमा गर्न सकिन्छ ।

| | |
|---|---|
| हङ्गकङ्ग कार्यालयहरु<br>(हङ्गकङ्गका र अन्य आइल्याण्ड क्षेत्रका मुद्दाहरु) | १६/तला, साउर्थन सेन्टर, १३० हेनेशी रोड,<br>हङ्गकङ्ग |
| काउलुन कार्यलयहरु<br>काउलुन मुद्दाहरु र सरकारी कर्मचारीहरुसंग सम्बन्धि मुद्दाहरु | १०/तला, चुङ्ग शा वान सरकारी कार्यालयहरु, चेङ्ग शा वान रोड, काउलुन |
| चुन वान र कवाई चुङ्ग कार्यालयहरु चुशन वान, वाई चुङ्ग र वेस्ट्रन टेरीटोरीजका मुद्दाहरु | ६/तला, चुन वान सरकारी कार्यालयहरु ३८ शाई लाउ कक रोड, चुन वान न्यु टेरीटोरीज |
| शाटिन कार्यालय<br>शाटिन र नर्थन न्यू टेरीटोरीजका मुद्दाहरु | २/तला, शाटिन सरकारी कार्यालयहरु १ शेङ्ग ओ चे रोड, शाटिन, न्यू टेरीटोरीज |
| मृत्यू मुद्दाहरुको कार्यालय | ६/ तला, हारबोर विल्डिङ्ग ३८ पिएर रोड, सेन्ट्रल, हङ्गकङ्ग |

(१२/२००६)

"यो निर्देशिकाले सामान्य रुपमा कामदारहरुको क्षतिपूर्ति नियम (क्याप २८२) को मुख्य मुख्य कुराहरुको बारेमा चर्चा गर्दछ । यो कुरा विचारणिय छ कि यो कानूनले व्यवस्था गरेको कुराहरुको सम्बन्धमा यो नियमनै पुरै आधिकारिक हो ।"